# लुम्बिनी प्रदेश सरकार

## वन तथा वातावरण मन्त्रालय

## वन निर्देशनालय

## डिभिजन वन कार्यालय रुपन्देही

# शिलवन्दी दरभाउ पत्र

प्रभात सापकोटा
डिभिजनल वन अधिकृत

डिभिजन वन कार्यालय, रुपन्देही

## फलफूल विरुवा खरिद सम्बन्धि शिलबन्दी दरभाउ पत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति (२०८०।०२।१७)

यस कार्यालयको चालु आ.व. ०७९।०८० को स्विकृत वार्षिक कार्यक्रम एक पालिका एक नमुना कृषि वन कार्यक्रम अन्तर्गत तपशिल बमोजिमको फलफूल विरुवा (पछि थपघट हुनसक्ने) खरिद गर्नुपर्ने भएकाले तथा तोकिएको स्थानसम्म ढुवानी समेत गर्नुपर्ने भएकोले तपसिलका विवरणको परिधिमा रही यस कार्यालयमा नियमानुसार सूची दर्ता भएका (सूचि दर्ता नभएका भए सो समेत गरी) र प्रचालित कानुन बमोजिम योग्यता पुगेका आपूर्तिकर्ताबाट व्यावसायिक प्रमाण संलग्न राखी यो सूचना मेचिकाली राष्ट्रिय दैनिकमा प्रथम पटक मिति २०८०।०२।१७ गतेमा प्रकाशित भएको मितिले १५ (प्रन्ध्र) दिन भित्रमा देहायको शर्तको अधिनमा रही यस कार्यालयमा कोटशेन (दरभाउपत्र) दाखिला गर्न आह्वान गरिन्छ ।

**तपशिल**

| सि नं | विरुवा प्रजाति | स्पेसिफिकेशन | जम्मा परिमाण (संख्या) | जम्मा अधिकतम मुल्य (रु) | आपूर्ति गनुपर्ने स्थान |
|---|---|---|---|---|---|
| १ | आँप (अमरपाली) | २ वर्ष कलमी र र १.५ फिट उचाई<br>रोगकिरा नलागेको स्वस्थ्य विरुवा<br>पराल/जुट/ प्लाष्टिकले माटो सहित जरा बेरिएको । | ५००० | १९,९८,७५०<br>(उन्नाइस लाख अन्ठान्नब्बे हजार सात सय पचास रुपैंया) | ओमसतिया गा.पा. वडा नं ४ स्थित डिभिजन वन कार्यालय रुपन्देहीको परिसर भित्र तथा माग अनुसार सबै पालिकाको क्षेत्रहरुमा । |
| २ | आँप (अन्य) | | ३३३५ | | |
| ३ | कागती | | १४०० | | |
| ४ | अनार | | १०० | | |
| ५ | लिची | | २५०० | | |
| ६ | कटहर | | ६३५ | | |
| | | जम्मा | १२९७० | | |

**शर्तनामाहरु**

१। मेचिकाली राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक सूचना प्रकाशन भएकोमा मिति २०८०।०२।१७ ले १५ (पन्ध्र) दिन भित्रमा (मिति : २०८०।०२।३१ गते) यस कार्यालयमा शिलबन्दी पेश गर्नुअघि वा सो संगसगै उक्त फर्म /कम्पनीहरु यस कार्यालयमा सूचिकृत हुनुपर्ने छ ।

२। यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन दिन भित्र यस कार्यालयबाट दरभाउपत्र फारम दस्तुर रु. १०००।- (रु.एक हजार) फिर्ता नहुने गरी रा.बा. बैकमा रहेको खाता नं १०००२०००१०००० कार्यालय कोड नंम्बर ३२९०१४८०२५ जम्मा गरेको सक्कल रसिद, नवीकरण भएको इजाजतपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपीहरु निवेदनसाथ

CamScanner

संलग्न राखी कार्यालय समय भित्र खरिदकर्ता वा निजको अधिकृत प्रतिनिधिले दरभाउ पत्र खरिद गर्नु पर्नेछ ।

३। यस कार्यालयबाट खरिद गरेको दरभाउ पत्र रीत पूर्वक भरी पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजेभित्र दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे दरभाउपत्र दाता वा निजको अधिकृत प्रतिनिधीको रोहबरमा यस कार्यालयमा खोलीने छ । प्रतिनिधी उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

४। दरभाउ बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्बजनिक बिदा परेमा सो को भोली पल्ट कार्यालय खुलेको दिनमा हुनेछ ।

५। दरभाउपत्र दाताले बैक जमानत बापत रु ५०,०००।- (अक्षेरुपी रु. पचास हजार रुपैंया ) को कम्तीमा ७५ दिन म्याद भएको बैक जमानत रकम प्रदेश लेखा नियन्त्रक कार्यालय रुपन्देहीको नाममा रा.बा. बैकमा रहेको खाता नं ३१२०१००२०२०३०००० कार्यालय कोड नंम्बर ३२९०१४८०२५ मा जम्मा गरेको सक्कलै बैक भौचर पेश गर्नु पर्ने छ ।

६। आपूर्ति गर्ने मालसामान यस कार्यालयको माग बमोजिम संलग्न स्पेशिफिकेशन (मापदण्ड) अनुसार हुनु पर्ने छ ।

७। दरभाउ पत्रमा अंक र अक्षरमा स्पष्ट संग भ्याट सहितको दररेट स्पष्ट भर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

८। दरभाउ पत्र स्वीकृत गर्ने/नगर्ने, आशिंक रुपमा स्वीकृत गर्ने,पून दरभाउपत्र आव्हान गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

९। दरभाउपत्र स्वीकृत भै म्याद भित्र सम्झौता गर्न नआउने सम्झौता भै तोकिएको समयमा माल सामान उपलब्ध गराउन नसकेको हकमा धरौटी रकम जफत हूनेछ ।

१०। नियमानुसार लाग्ने सम्पुर्ण करहरुका साथै लोड, अनलोड ढुवानी, अन्य खर्च जडान आदि दरभाउ पत्र दातालेनै व्यहोर्नु पर्ने छ ।

११। स्वीकृत दरभाउपत्रमा उल्लेखित आपूर्ति भए पछि मात्र रकम भूक्तानी दिइने छ । साथै उक्त रकममा १.५ अग्रिम आयकर बापत कट्टी हूनेछ ।

१२। दरभाउपत्र दाताले सिलबन्दी दरभाउपत्र पेश गर्दा दरभाउ पत्रमा सहीछाप गरेको र सम्वन्धित फर्मको छाप लागेको हुनु पर्नेछ । साथै कालो सुचिमा नपरेको स्वयंले घोषण गरेको पत्र सिलबन्दी साथ अनिबार्य पेश गर्नु पर्नेछ ।

१३। दरभाउ पत्र सम्वन्धी अन्य जानकारीको लागि कार्यालय समय भित्र यस कार्यालयबाट बुझ्न सकिनेछ ।

१४। खरिद सम्बन्धि विरुवाको इस्पेशिफिकेशन सम्बन्धी आबश्यक जानकारी दरभाउ पत्र फाराम साथ उपलब्ध गराईने छ ।

१५। म्याद नाघी आएको तथा रीत नपुगेको दरभाउ पत्रमा कुनै कारवाही हुने छैन ।

१६। सकार दररेट र विनियोजित बजेटको आधारमा फलफुलका विरुवाको परिमाणमा सामान्य थपघट हुनसक्ने छ र असाढ १० गते भित्र डि.व.का.मा विरुवाहरु आपूर्ति गरि सकनु पर्नेछ ।

१७। अन्य कुराहरु,सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४(संसोधन) र प्रचलित कानून बमोजिम हुनेछ ।

१८। यो सूचना कार्यालयको वेभसाइट dforupandehi.gov.np मा पनी हेर्न सकिने छ ।

CamScanner

## डिभिजन वन कार्यालय, रुपन्देही

## फलफूल विरुवा सम्वन्धी खरिदको सिलवन्दी दरभाउ आव्हानको सूचना

### प्रथम पटक प्रकाशित मिति २०८०।०२।१७ गते

यस कार्यालयको चालु आ.व. ०७९।०८० को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत फलफूल विरुवा खरिद गर्नुपर्ने भएकाले योग्यता प्राप्त ईच्छुक ईजाजत प्राप्त फर्म ,कम्पनी/ आपुतिकर्ताहरूले यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस कार्यालयवाट नियमानुसार दरभाउपत्र खरिद गरि १६ औ दिनको दिउसो १२.०० वजे भित्र गोप्य रूपमा शिलवन्दी दरभाउपत्र वुझाउनुहुन यो सूचना प्रकाशन गरिएको छ । खरिद कार्यको विस्तृत जानकारी सहितको सूचना कार्यालयको सूचना पार्टी र वेवसाइट www.dforupandehi.gov.np मा उपलब्ध छ ।

CamScanner